निर्णयहरु

१। जिल्ला स्थित कार्यालयहरुले संचालन गर्ने विकास आयोजनाहरुको पूँजीगत खर्च बढाउन तथा गुणस्तरीयता सुनिश्चित गर्न तेस्रो पक्ष (third party) सहित विविध सरोकारवाला निकायहरु सम्मिलित संयुक्त अनुगमन (joint monitoring) को व्यवस्था मिलाउने।

२। पूर्वाधार विकासतर्फका जिल्ला स्थित कार्यालयहरुले संचालन गर्ने विकास आयोजनाहरुको जिल्ला प्रशासन कार्यालयमा मासिक प्रतिवेदन दिने व्यवस्था मिलाउने।

३। २०७४ बैशाख ३१ मा हुने स्थानीय तहको निर्वाचनको सन्दर्भमा सबै सरकारी निकाय, सार्वजनिक संस्थान, विकास समिति तथा विकास आयोजनाहरुले निम्नानुसारका कार्यहरु गर्ने गराउने:

क. कार्यालयमा कार्यरत जनशक्तिको विवरण अद्यावधिक गराउने

ख. सवारी साधनहरु मर्मत संभार गरी चालु हालतमा राख्ने

ग. जिल्ला प्रशासन कार्यालयले मागेका बखत सवारी साधनहरु उपलब्ध गराउने

घ. निर्वाचन आचारसंहिताको पालना गर्ने गराउने ।

४। सबै कार्यालयहरुले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग, गृह मन्त्रालय तथा तालुक मन्त्रालय/निकायहरुको वेब साईट नियमित रुपमा हेरी आफूसँग सम्बन्धित निर्देशनहरुको कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने।

नारायण प्रसाद शर्मा दुवाडी
प्रमुख जिल्ला अधिकारी